# रैनादेवी छहरा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
छहरा, पाल्पा

च.न.
प.स.२०७६/२०७७

५ नं. प्रदेश ,नेपाल
फोन.नं. ०७५-६९२३४३

## प्रेस विज्ञप्ती

यस रैनादेवी छहरा गाउँपालिकाको विपद व्यवस्थापन सम्बन्धी ऐन मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाका अध्यक्ष राम बहादुर कार्कीको संयोजकत्वमा मिति २०७६/१२/१४ गतेका दिन गाउँ विपद व्यवस्थापन समितिको बैठक बसी विपद व्यवस्थापन समितिले वडा विपद व्यवस्थापन समितिका संयोजक वडा अध्यक्ष रहने गरी विदेशबाट यस गाउँपालिकामा प्रवेश गरेका विभिन्न वडाहरुमा बसोवास गर्ने नागरिकहरुको तथ्यांक संकलन, कोरोना भाईरस संग सम्वन्धित समस्या पहिचान, प्रतिवेदन पेश गर्ने प्रयोजनका लागी तोकिएका सदस्यहरु रहने गरी निगरानी समिति गठन गर्ने निर्णय गर्‍यो । वडा निगरानी समितिको कार्यहरुलाई सहजीकरण गर्न प्रत्येक वडाका प्रत्येक टोलमा वडा सदस्य संयोजक रहने गरी प्राविधिक समिति गठन गरी समितिलाई तत्काल क्रियाशील गराई गाउँपालिकाको रेपिड रेस्पोन्स टिमलाई प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने निर्णय गरियो । यस गाउँपालिकामा सवै वडाहरुमा लगत संकलन गर्दा कुल २९६ नागरिकहरु विदेशबाट घर फर्केको प्रतिवेदन प्राप्त भएको छ । गाउँपालिकाको कोरोना भाईरस संग मिल्दो जुल्दो लक्षण देखिएमा र सुरक्षित रुपमा राख्न १४ बेडको क्वारेनटाईन निर्माण भई सकेको छ । साथै अत्यवश्यक औषधी तथा दैनिक उपभोग्य सामाग्री समेतको सुनिश्चितता गरिसकिएको व्यहोरा सवै संचारकर्मीहरुमा जानकारी गराउँदछु । गाउँपालिका आसपासका किराना पसलहरुलाई विपद व्यवस्थापनको प्रयोजनका लागी अर्को निर्णय नभए सम्मका लागी दैनिक उपभोग्य सामाग्रीको कम्तिमा १० प्रतिशत मौज्दात राखीदिनु हुन अनुरोध गर्दछु । साथै किराना पसल संचालकहरुलाई आफ्नो पसलहरुमा अनिवार्य मुल्यसुची राखेर व्यवसाय संचालन गरी सहयोग गरिदिनुहुन समेत निर्देशन गर्दछु । कतिपय नागरिकहरु समुहमा घुमफिर गर्ने, खेलकुद आयोजना गर्ने कार्य देखिएकाले यस्तो कार्य नगर्न, नगराउनुहुन अनुरोध गर्दछु ।

विष्णु प्रसाद पोखरेल
प्रवक्ता